# सुनको बिहान

महाकवि
लक्ष्मीप्रसाद देवकोटा



# सुनको बिहान

महाकवि
लक्ष्मीप्रसाद देवकोटा

प्रकाशक : साझा प्रकाशन

संस्करण : साझा प्रकाशनबाट चौथो, २०२६

साझा प्रकाशनबाट पाँचौं पटक, २०५८

साझा प्रकाशनबाट छैटौं पटक, २०६४ (३१०० प्रति)

आवरणकला : टेकवीर मुखिया

मूल्य : रु. २८।–

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर

फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६

ISBN: 978-99933-2-571-0

# भूमिका

महाकविको प्रतिभाले छोएपछि धूलो पनि फूल बन्दछ भन्ने कुरा यस पुस्तकको ११ औं कविताले बोल्छ ।

उहाँले 'किताब चरो' को सैर गराएर, 'फूल परी' सँग नचाएर, 'पल्टन' सँग कवाज खेलाएर मात्र होइन, मुसाको र मास्टरजीहरूको कथा सुनाएर पनि बालकहरूलाई रद्द पारिदिनुभएको छ । त्यति मात्र पनि होइन, उहाँले अरू पाका हृदयलाई पनि यसमा रस लिन सक्ने गरिदिनुभएको छ । जस्तो मानौं--

"घर एक बनाउँ मिली सबले
जग होस् पृथ्वी तर स्वर्ग फूले--
सरि होस् दिल फूल खुशी रहने
लहराहरुतुल्य विचार हुने ।"

भन्दा कुन अशान्त मनले शान्ति नपाउला ?

"प्रतिभाबाट छहरा छुटे हृदय नछोला ?" भनेर महाकविले भन्नुभएको थियो । त्यसको सत्यता उहाँकै 'सुनको बिहान' ले प्रमाणित गरेको छ भन्नु अत्युक्ति नहोला ।

# विषय-सूची


| विषय | | पृष्ठ |
|---|---|---|
| १. | सुनको बिहान | १ |
| २. | पाप लाग्छ | २ |
| ३. | पैसा | ४ |
| ४. | सिंह र मूसा | ६ |
| ५. | वर्षा | ११ |
| ६. | मास्टरजी | १३ |
| ७. | पल्टन | १५ |
| ८. | सौन्दर्य-उपासना | २१ |
| ९. | फूल-परी | २४ |
| १०. | किताब-चरो | २७ |
| ११. | धूलो | ३० |
| १२. | नेपाली सलाई बट्ट | ३१ |
| १३. | कुहु कुहु | ३२ |
| १४. | तस्वीर | ३४ |
| १५. | हैंसा बूढीको मुख | ३७ |
| १६. | गाउँ दिने कथा | ४१ |
| १७. | पृथ्वी-भकुण्डो | ४४ |
| १८. | जुनि | ४५ |
| १९. | काँगघर | ४६ |

# सुनको बिहान

सुनको दिन एक उदाउँछ रे
यस देश खुलीकन आउँछ रे
रँगिला सब बादल छाउँछ रे
जल चंचल भैकन गाउँछ रे !
चिडिया बिउँफेर कराउँछ रे
सब मन्दिर घंट बजाउँछ रे
र हवा पनि बास उडाउँछ रे
दिल फूल सबै बिउँफाउँछ रे !
दुनियाँ सब चार्दछ धाउँछ रे
र हिमाल उँचा झलकाउँछ रे
जलविन्दु सुशीतल ल्याउँछ रे
सब उन्नत झल्ल तुल्याउँछ रे !

—o—

# पाप लाग्छ



नटिप्नु हेर कोपिला !

नचुँड्नु पाप लाग्दछ ।

नच्यात्नु फूल नानि हो !

दया र धर्म भाग्दछ ॥

नछोप्नु है चरी बरी
सराप आँसु लाग्दछ।
नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ॥
न घाउ चोट लाउनू
सडेर चित्त पाक्दछ।
धूलो नफेक्नु नानि हो!
उडेर भित्र ढाक्दछ॥
हिलो नखेल्नु फोहरी
खराब दाग लाग्दछ।
न चित्त है दुखाउनु
डसेर आँसु बग्दछ॥
बनेर फूल फैं सधैं
हँसाउनू सुवास दी।
सधैं रमाउनू जगत्
रमेर नित्य आश दी॥
जताततै छ ईश रे
छ सुन्नु त्यो विचार रे।
छकाउने लुकाउने
नराख भाव क्यै गरे!

–o–

# पैसा

पैसा छ क्या चमकदार र मोलवाला
आँखा हुने जगतका यसमै उज्याला ।
क्या गोलगोल अनमोल छ चट्ट बान्की
यो हातमा हुन गए मन उड्छ सन्की ॥
संसार गोल छ धनै पनि बाटुलो छ
पैसा यही सब कुराहरूमा ठूलो छ ।
पैसा भए हृदयमा सुखले खुलो छ
पैसा यही सकल रोगविशे मुलो छ ॥
पैसा छ जे छ अनि के छ यहाँ र फेरि
पैसा भए कम जगत् छ हुने अँधेरी ।
पैसा छ शेर, धन औ बल तेज जान
पैसा भए छ रहने सब थोक मान ॥
मै हूँ भनेर दुनियाँ पनि गर्छ सेखी
रित्तो भएर जब उड्दछ हातदेखि ।
कुत्ता बनेर जन फिर्दछ मानशून्य
पैसा रहेर जगबीच अहो निधान ॥

पैसा सिकाउँछ सबै जनमा चलाखी
पैसा बनाउँछ, गराउँछ दोष माफी ।
पैसा भए छुटिगए दुखदाग साफी
देखिन्न हेर दुनियाँभरमा खराबी ॥
यो पापको तर छ बीउ अनेक काला
चल्छन् छुरी र तरवार अनेक भाला ।
चिन्ता बढाउँछ यही मनभित्र ज्वाला
यो दुःखको घर छ घोर खराब छाला ॥
हुन्छन् यसैकन भजी सब काटमार
हुन्छन् नजीक यसका सब धर्मसार ।
राम्रा कुरातिर लगाउनु हुन्छ स्वर्ग
गर्दा खराब तर लाग्छ अनेकतर्फ ॥
पैसा सँगाल तर खूब स्वभाव जान
लागू नहोस् तर बनोस् सुखको मुहान ।
पैसा हुँदा पुछिदिनु दुखआँसुदाना
गर्नू सकेभर भलाइ नठान्नु साना ॥
यो हातको हक भनीकन धर्म निति
गर्नु सधैं असल बाबु छ यत्ति विन्ति ॥

–o–

# सिंह र मूसा



थियो गर्मी वेला हपहप थियो घाम बहुत
बले फैं आकाशै दनदन थियो धप्धपसित ।

बडो मानी गर्मी रुखतल सुती शीतलसित
फिकी जिभ्रो खस्रो ढलकसँग लेटी सुखसित ॥

थियो यौटा ठूलो सकल पशुको सिंह वनको
दुवै चिम्ली आँखा सुखसँग डटेको अति निको ।

छहारी हाँगाको हृदयकन ठण्डा गरिदिने
चरा बस्ने बोल्ने तलतिर रहेको सुख दिने ॥

बडो मस्ती पाई सुखसँग निदाईकन त्यहाँ
रहेको वेलामा सकल पशुको इन्द्र सुखमा ।

जरा बाङ्गा खोपी तलतिर बसेका अलिकति
त्यहाँ निस्के मूसा खुरुरुरु गरी दौडन कति ॥

निदाएको राजाकन रति नटेरीकन त्यहाँ
चुचीं च्वीं च्वीं गर्दै वरिपरि हिंडे त्यो समयमा ।

त्यसै हेप्दा हेप्दै पछिपछि चढे आँग त्यसको
बडो नाची उफ्री खुरुरुरु गरे शब्द ननिको ॥

चपाए कोहीले रउँ पनि मुसे दाँतहरूले
कुनै नाचे चढ्दै शिरउपर लामा पुछरले ।

कुनै वर्ले खुर्खुर्, तलतिर, कुनै पुच्छरतिर
भयो नाचै जस्तै तिनकन त्यहाँ मेट्न रहर ॥

बडो मानी फर्को छिनछिन अजङ्गो छ सुतुवा
छ हप्कार्दो मूसाहरुकन बडा दुष्ट भँडुवा ।

नटेरी चल्छन् ती छिनछिन उ हान्दो छ त पनि
दगुर्दै छल्छन् ती चतुर सब छौं फैं रुखमनि ॥

बडो दिक्कै पार्ने सकल भुसुना मार्नु न त्यसै
न निद्रा नै लाग्यो न त सहनु त्यो खुर्खुर उसै ।

चिचीं चूँचूँ गर्ने फिरफिर हुने काम कसरी
भयो राजा जस्तो पशुसरि प्रजाका दु:ख घरी ॥

कुनै यौटालाई पकडसँग शिक्षा दिउँ भनी
डरै लाग्दो पंजा बहुत हलुका उठ्दछ अनि ।

लिई यौटा मूसा चिचिचिचि गराई यति पनि
भयो त्यो सिंहैले अब त भँडुवा मार्दछु भनी ॥

डराएको मूसा थरथर गरी काँप्दछ अनि
"प्रभो, माफी पाउँ अलिकति त लाग्नेछु म पनि ।"

"कुनै मौका पर्दा यस जगतमा काम प्रभुको"
कुरा सुन्दा यस्तो हहहह गरी भार हलुको ॥

लिई पंजामा त्यो हहहह गरी भन्छ "भुसुना
तँ कामै लाग्छस् के कुन दिन कसोरी र मकन ।"

भनी हाँसी "जा जा ! अब तँकन त मारुँ यस दिन
गयो जातै मेरो सब" यति भनी छोड्छ उकन ॥

पऱ्यो पासा उल्टो करम गतिको एकदिन र
पऱ्यो पाशो आफैं कति न म छु·भन्ने वनतिर ।

बडो गर्ज्यो तान्यो ऊटपट गऱ्यो व्यर्थसँग त्यो
बिकम्बा भो सारा बल, तमक, शेखी सकल त्यो ॥

सुनो आयो मूसा मुसुमुसु मुसे दाँतहरूले
यसो हाँसी जम्दै मकन नपत्त्याइ अरूले ।

त्यसै हेलाँ गर्थे तर जिउन बक्सी हजुरले
म छुट्कारा गर्ने प्रभुकन भएँ आज अहिले ॥

यसो भन्दै हाँसी मुसुमुसु मुसे दाँतहरूले
चपायो त्यो डोरो किरिकिरि गरी काट्न उसले ।

फुकी सिंहै सारै खुश हुन गई भन्दछ त्यहाँ
"त्यसै सानो संझी गरिलिन खिसो हुन्छ र कहाँ ?"।

–o–

# वर्षा



ओहो ! घार्घार् घार्घार्
फरफर ओ झार्झार् !
झिलिल्लिल्लि झिल
सिल सिल मिलमिल मिल !

ओहो ह्वाह्र्वार् ह्वाह्र्वार्

फं फं फं फं फार्

सिरसिर सिरसिर स्वाँर्

ओहो घार्घार् घार्घार्

फ्लिफ्लिल्ली फील ।

सिलसिल भिल भिल भिल ।

चुलपुल चुलपुल चुलपुल

दर्दर दर्दर दर दर दर

सिरविर सिरविर स्वाँर ! ओहो घार्घार् घार्घार् !

फ्लिलिलिल्लि फ्लिल ! सिलसिल मिलमिल मिल !

–o–

# मास्टरजी



बोके दाढी चुस्स परेको सानो चिउँडोको आधार ।
तह्लाइन्छन् काला जूँघा दुइ औंलाले वःरंवार ॥
हात दाहिना बेत छ लामो अथवा चड्कनच्यूरा ।
लुले लुले भै दहरा चड्कन दिन सक्छन् ती एक हजार ॥

आँखासाँखा सकल बिगारे अक्षरहरूले काला सार ।
चक्का काँच लगाई दोटा जिनतिन देख्छन् ती संसार ॥
ज्यादै घाम परीकन मुखमा ट्यूशन गर्दा तीन हजार ।
काला हाम्रा मास्टरजी छन् तर सुइँखुट्टे सारसंसार ॥

पतलो जिभ्रो टपटप गर्दछ लालमुसा झैं छरितो चाल ।
बोझा झुक्छ किताबहरूको विचारहरूका लिन्छन् याल ॥
लाग्छ शनैश्चर मंगल धेरै बन्छन् भृकुटी भीम कराल ।
पाठ नघोक्ने लडकाहरुका कान र गालाहरुका काल ॥

सारङ्गी झैं पेट छ खोक्रो ताजुबको यो कस्तो बात ।
त्यसमा टम्म छ पुस्तकहरूको ठेलंठेली डाँडा खात ॥
त्यत्रो सानो शिरमा बस्ने भारी भारी कत्रा बात ।
त्यत्रो सानो मुखको भित्र लबजहरूछन् तेतिस हात ॥

छैन नजानेको केही नै कण्ठ छ पृथिवी सब भूगोल ।
सक्छन् सहज बताउन कण्ठै शहर र पेरिस, लंडन टोल ॥
संस्कृत सोधे मात्र उ भन्छन् 'भो भो झर्को लाग्छ नबोल ।'
पढाउँदा तर उनले किन हो चक्कर बन्दछ खप्पर गोल ॥

–o–

# पल्टन




ढरर ढम्म ढरर ढम्म
द्वाङ ठोक सारा !
आज जानुपर्छ नानी
देशनिंति प्यारा !

लेऊ हात हात लाठी
लाम लाग सारा ।
मार्न जाऊ देश शत्रु
पोख्न रगत धारा ॥

पात पीं पीं लौ बजाऊ
छरन अबीर लावा ।
वान् टु वान् टु कदम चाल
गर्न हिंड्न धावा ॥

आज जानुपर्छ हामी
देश-निंति सारा ।
ढरर ढम्म ढरर ढम्म
द्वाङ ठोक सारा ॥

तालिमी छ आजलाई
छन् लडाइँ हाम्रा ।
बन्नुपर्छ है सिपाही
हृदय स्थिर र चाम्रा ॥

मर्नुमै छ स्वर्ग हेर !
जिउनु कीर्ति खाली
झनन झन्न झनन झन्न
बाज काँस थाली ॥

मुटु र ज्यान आज हाली
हुकुम एक पाली ।
ढरर ढम्म ढरर ढम्म
हिंड्न कदम चाली ॥

छोड्नुपर्छ घर र बार
देश–निंति सारा ।
यो हुरी पछाडि हामी
बन्नुपर्छ तारा ॥

प्रभु छ माथि हृदय साथी
मर्छ को र प्यारा !
देश–निंति मर्नु जिउनु
गुम्नु मेट्नु प्यारा !

पीठ नदिनू बढ्नू बढ्नू
चढ्नू कठिन किल्ला ।
यो धूवाँ र आँधिपछि
कीर्ति मधुर खुल्ला ॥

मान्यलाई मान कीर्ति
हेर अबीर लावा।
जो डराई बन्छ श्याल
काँप्छ खाइ हावा॥

छोड्नुपर्छ घर र बार
बिर्स सकल प्यारा।
कस र छाती ताँति ताँति
हाँसी चलन सारा॥

मट्टीको छ यो शरीर
उड्छ बन्छ हावा।
देश–निंति चंकिनेछ
गर्छ जो त धावा॥

वीरजाति ताँति ताँति
भाँति भाँति लाम।
लड्न चाल कदम कदम
लाम यो नथाम॥

नजर अघि छ आज हेर
वीर हृदय तारा ।
ढरर ढम्म छनन छम्म
बढन आज प्यारा ॥

आज तिर्न ऋण र गाँस्न
वीर हृदय माला ।
शस्त्र हात सफल जात
जल्नुपर्छ ज्वाला ॥

जाग काली ! जाग जाग
झलल झलल पारी ।
देश-निंति शस्त्र अस्त्र
छौ न शत्रु मारी ॥

पीं पीं पीं पीं पात पात
लाम चाल चाल ।
कालसरि आउनेछ
शत्रु पंक्ति छाल ॥

जिन्दगी छ यो लडाइँ
नेत्र झल्ल बल्ला ।
जीउ धुलो भएर जान्छ
खालि आत्मा फुल्ला ॥

आज हेर सब नेपाली
आगो लौ निकाल ।
मार शत्रु पार ध्वंस
चुली चढ्न थाल ॥

होश राख कदम कदम
नाम यो नफाल ।
वीर वीर धीर धीर
बनन सकल तारा ॥

आज देश-निंति जानु–
पर्छ दूर प्यारा ।
ढरर ढम्म ढरर ढम्म
ढ्वाङ ठोक सारा ॥

–०–

# सौन्दर्य–उपासना

( १ )

मलाई राम्रा सब चीज हेर्न
अत्यन्त लाग्ने मन चित्त भर्न ।
आँखा दुवैले रस प्यूनलाई
अत्यन्त आनन्द हुने मलाई ॥

( २ )

राम्रा उज्याला सब फूलबाट
सुगन्धको सौख मिहीनसाथ ।
दिलै भरी आउँछ गद्‌गदाई
क्यै चीज, जो हुन्न बयान हाई ॥

( ३ )

म प्यूँछु नीलो छतको मिठास
तारा-जुहारी झलमल्ल खास ।
म चाँदनीको रस प्यूँछु मीठो
आँखा कचौरा दुईबाट छीटो ॥

( ४ )

नीलो कचौरासरिको अकाश
घोप्टयाइएको रस भर्न खास ।
के त्यो उज्यालो जुन भर्छ याहाँ ?
हो स्वर्गको अमृत खास याहाँ ॥

( ५ )

अत्यन्त राम्रो दुनियाँ छ सारा
जुहार जस्ता झलमल्ल तारा ।
बयान केही नहुनेछ फूल
छ टाँगिएको झलमल्ल फूल ॥

( ६ )

बनाउने यो दुनियाँ अपार
राम्रो असंख्यै हुनुपर्छ क्या र ?
कस्तो छ राम्रो सब कारखाना
कस्तो हुँदो हो दिलमा खजाना ॥

( ७ )

मलाइ आँखाभर हुन्छ आँसु
सरर्र भै आउँछ अंग मासु ।
जसै म संझीकन ध्यान-द्वारा
खडा गरी लिन्छु स्वरूप सारा ॥

( ८ )

सबै नराम्रा जति ती कुरा छन्
मलाई काहीं मनभित्र डस्छन् ।
जो छन् उज्याला तर चीज राम्रा
ती छन् सधैंका सुखतुल्य हाम्रा ॥

( ९ )

देखेर यस्तो दुनियाँ विचित्र
मलाइ लाग्यो मन भित्रभित्र ।
यस्तै उज्यालो सपना बनाऊँ
छोडेर आफ्नो यश-नाम गाऊँ ॥

–o–

# फूल-परी

(१)

बगैचामा मेरा रङबिरङका छन् कति परी
कलीला क्या राम्रा मुसुमुसु हुने बोल्दछ सरि ।
सिंगारेका छाँटी मगमग छिटो अत्तर मिही
लगाएका सारी नरम रँगिला रेशमसरि ॥

( २ )

हरीया खोपीमा टहल छ हवाको हरहर
सधैं नाच्ने झुल्ने चलमल हुने नै छ रहर ।
लगाई हीराको टप झलल हाँसी मुसुमुसु
इशाराले डाकी मसँग सब गर्छन् खुसुखुसु ॥

( ३ )

चरा पंखी राम्रा नरम रङ पत्ती फरहर
उडूँ फैं बस्छन् ती वरपर हररर ।
कलीला यस्ता छन् कि त छुन पनी लाग्दछ डर
फुका छाती बोल्छन् मसँग परबाटै सब तर ॥

( ४ )

"कहाँदेखिन् आयौ भनन सुकुमारी वनपरी ?"
भनी सोद्धा भन्छन् मुसुमुसु बनी लज्जितसरि ।
"जहाँ झुल्छन् रंगी नरम कलिला बादलभरी ।"
जहाँ फुल्छन् ऊँचा धनु रंग मिसेका बहु थरी ॥

( ५ )

"छ कस्तो त्यो रंगी चहकहरुले फ्ल्ल दुनियाँ" ?
पखेटा पाइन्छन्  रँगबिरँगका  सुन्दर त्यहाँ ।"
"कहाँ जन्म्यौ नानी ?" प्रभु हृदयका बालसपना ।
बनी  जन्म्यौं हामी  फ्लमल  सबेरै उदयमा ॥

( ६ )

"नबोल्ने पंछी भै  रँगबिरँगले नाच्नु फरर ?"
कुरा  गर्दै  मीठा  हृदयसँग  वर्ली  तलतिर ।
भनी  आज्ञा  मिल्दा हृदय सब खोली फररर ।
सधैं हाँस्छौं  लाईकन  प्रभु टुना  यो जगभर ॥

( ७ )

"हजारौं  भाषाका  तहतह  बनेको  हृदय छ ।
जगत्को  मायाले  फ्लल गहनातुल्य जल छ ॥
बनाए  माटैले  तर हृदय  क्या स्वर्ग–रस छ ।
पसी साना राम्रा मगमग मिहीं भाव खुप छ ॥

( ८ )

उज्यालो पारौं यो जगत, रँग राम्रा कति थपी ।
बहाई  बास्ना नै हरहर  हवामा  सुख जपी ॥
खुशाई  साराको  दिल, दुख  हटाई  दिनभर ।
टुना  भन्छौं हामी  प्रभुतिर खिंची बाल नजर ॥

( ९ )

दिई आफ्नो बास्ना जगतकन डाकेर भँवरा ।
बनी दानी दिन्छौं हृदय–मह मीठो बुझ्न कुरा ॥
भए स्वप्ना जस्तो जिउनु वन राम्रा छिनभर ।
क्लीलो छाती होस् मगमग जगत् पी मह तर ॥

( १० )

दिए हामीलाई नरम गहना, रंग रसिला,
"बनाओ ए भन्थे" जन हृदय आनन्द हँसिला ।
अरूलाई पोस्ने हृदय छ कचौरा रस भरी
त्यसैले हो बास्ना मगमग चलेको हरहरी ॥

–o–

# किताब-चरो




( १ )

कति सुन्दर हेर किताब-चरो
दुइ पंख फिजाउँछ यो बिचरो ।
कति थोप्लिइ खोल्दछ फिलिमल यो
म त मग्न बनीकन हेर्छु अहो ॥

( २ )

कति छन् तह हेर भुवा यसमा
कति प्वाँख फिजाउँछ क्या रसमा ।
जति हेर्छु उडाउँछ दूर कता
म चढी यसमा छु सधैं विपता ॥

( ३ )

कहिले म त बादलका महल–
तिर पुग्छु सुनै सुन झैं असल !
जसबीच कथाहरूको दुनियाँ–
हरूमा म विचार्दछ बात नयाँ ॥

( ४ )

कहिले परदेश पुगेर कता
तसबीर भईकन छक्क म ता ।
पटना र बनारस बंबईमा
म त डुल्दछु रंग भरी भुइँमा ॥

( ५ )

कहिले कति सागर पार पुगी
म त लन्डन डुल्दछु हेर ! सँगी ।
कति मोटर बस् कति ट्राम हुने
र हवाइ–जहाज उडीरहने ॥

( ६ )

म त गर्छु कुरा कतिसाथ कति
अधिका अधिका जति गर्छु उति ।
मुख मात्र रसाउँछ अमृतले
लिन छन्द मिठास खुशीसितले ॥

( ७ )

अधिका अधिका दरबारहरू
झलमल्ल खुली तरवारहरू ।
झललल्ल बनीकन देख्छु म ता
इतिहास भयो र कथा कविता ॥

(८)

कहिले म त देख्दछु दृश्य नयाँ
कहिले सुखको दुखको दुनियाँ ।
अधिका जुगसाथ म गर्छु कुरा
कति मोज छ पढ्नु किताब–चरा ॥

–o–

# धूलो

( १ )

धूलो यो छ स्वदेशको म यसमा
पानी बनी मिल्दछु
बर्बर् बर् गहमा बनीकन सदा
रोई यहाँ फर्दछु ।
यो मेरोपन मेटिने असल हो
बास्ना भएको कणा
फुल्ने मै छु पछाडि फूल यसमा
सुँघ्ने हजारौं जना ॥

–o–

# नेपाली सलाई बट्टा

( १ )

जहाँ झिलमिलाउँदै किरणलाई छर्वर् गरी
फलल्ल छ उदाउँदो धपधपाउँदो बेसरी ।
मुहार, अति लाल जो सब गुलाफ झैं सूर्य छन्,
फफल्ल कवि काँगका रँग हरा खुला गर्दछन् ॥

( २ )

झिलिक्कसँग झुल्कियोस् हृदयबीच ज्वाला नयाँ
अँधेर जगमा गयो, सकल बाल बत्ती यहाँ ।
उही किरण सूर्यको किन फलल्ल फल्की बल्यो
नयाँ युग छ देशको यति बुझे उज्यालो खुल्यो ।

–o–

# कुहु कुहु



(१)

को हुँ ? को हुँ ? वनमा कुन को हो
गर्छ क्या कुहुकुहू सुन ओहो !!
हैन हैन म त हैन म हैन !!
को हुँ को हुँ तर को चिनिदैन ।

(२)

फूलमा छ कि ? कि झाँग हरामा ?
वासमा छ कि उ हुन्छ चरामा ।
या मुनातिर ? कि एक कुनामा ?
हुन्छ भान सपना विपनामा ?

(३)

को हुँ को हुँ म त चिन्दिनँ हेर
फल्किंदो रस अनेक लिएर ।
लुक्छ को भन वसन्त फुलाई
यो सवाल रसिलो छ मलाई ॥

(४)

को हुँ ? को हुँ सित सोध्दछ सारा
बालचित्त लहरी रसधारा ।
को बनाउँछ वसन्त रँगीन
सिर्जनाहरू गरेर नवीन ॥

–o–

# तस्वीर



( १ )

भनन भनन नानी ! के गरी भो तयार ?
कति रससित राम्रो क्या मजा ! चट्ट क्या र ?
सकल मुख दुरुस्तै पार्न सक्ने अपार
कति चतुर कुरा यो जो छ तस्वीर सार ॥

( २ )

मुख पनि छ दुरुस्तै नाक ता ठिक्क झन् छ
रंग पनि त लुगाको ठिक्क क्या हेर ! बन्छ ।
रिस, खुश गजबैका भाउ छन् क्या दुरुस्त
म त दिन दिन हेर्दै बन्छु आनन्द मस्त ॥

( ३ )

सब जनकन यस्तै चित्रकारी कुनैले
बुरुशसित बनाए क्यार ! कल्पेर पैले ।
हृदयभर भएका रङ्ग्न पाए विचार
कति कति दुनियाँमै गर्न सक्थें तयार ॥

( ४ )

जति जति यसलाई हेर्छ यो बन्छ सच्चा
अनि सब मुख बोल्छन् हुन्न क्यै हेर कच्चा ।
छिनभर यसभित्रै घुस्छु संसार पाई
जसतिर मनमौजी सौख मिल्छन् मलाई ॥

( ५ )

जब नजर लगाई जो पढेको सुनेर
मन मन म विचार्ने बन्छु ध्यानी बनेर ।
मुखहरु सब बोल्छन् बोल्दछन् चित्र सारा
रुखहरु सब फुल्छन् पंख बोल्छन् हजारौं ॥

(६)

हिंडन हिंड सँगी ए ! एक हाँगा चढेर
तलतिर सबलाई बीच तस्वीर हेर ।
म त दिन दिन पढ्ने गर्छु त्यस्तै गरेर
कति कति दुनियाँमा चित्रका नै पसेर ॥

–o–

# हैंसा बूढीको मुख



(१)

हेर धोति हिसिशून्य मुहार।
चाउरीहरू बनी भरमार।
छन् अनेक खहरेकन खोंच
क्या मुजासित चुनाउँछ शोच॥

( २ )

रङ्ग छैन मुखमा न छ पट्टी
हातमा छ निहुरी लिन लट्ठी ।
आधि हेर जिउ भै उसपट्टि
रूप क्या छ यसको सब छुट्टी ॥

( ३ )

भाँच्छ ढाड पनि काल बसेर
केश पाक्दछ तुषार झरेर ।
छैन ज्योति धमिलो अब आँखा
छैन यो जगत हेर्न चनाखा ॥

( ४ )

मार्दछे अब बसीकन माखा
झल्लरी सब धुजाहरू लाखाँ ।
आँगनै छ, निहुरी तर हैंसा
माग्दछे अरू यातातिर पैसा ॥

( ५ )

यो न बाँदर न भूत न बोक्सी
क्या बुढी जिउ सबै अब टाक्सी ।
खस्रिईकन बनीकन खाक्सो
माग्दछे मसँग "देऊन चाक्सो ॥"

( ६ )

देख्छु यो जब बूढी अबलाई
लाग्छ हाँस्न मन हेर मलाई ।
दाँत खै त कुन ठाउँ अफाल्यौ
केशमा हिउँ अहो ! किन हाल्यौ ?

( ७ )

चाउरीहरू गला पनि तानी
कल्ल कल्लसित प्यूँदछ पानी ।
कान हेर बहिरी किन ज्यूँछे
आधि च्यानतिर भै जल प्यूँछे ॥

( ८ )

गुन्गुनाउँदछ हेरन ओठ
क्या बुढी छ बिनु पातकि बोट ।
तन्त्रमन्त्रहरू धेर निकाली
पाल्दछे कि छउँडा र बिराली ॥

( ९ )

ह्वैन ह्वैन अति जिस्किन हुन्न
हुन्छ है डर बुढी यदि रुन्न ।
छोप्दछे पछि त ऐठनद्वारा
यो भयंकर छ हेर बिचारा ॥

( १० )

योे थिई अधि मनोहर पट्टी
भैसकी अब त हेरन छुट्टी ।
जिन्दगी पछि अहो कति शून्य ।
भो खिसी बहुत गर्नु त हुन्न ॥

–०–

# गाउँ दिने कथा

( १ )

हौदा चढ्यो घोडामाथि
हौदामाथि हात्ती
चञ्चलेको राजालाई
यस्तो भयो पात्ती ।

( २ )

दुइटा ओडार काला काला
त्यसमा दुइटा तारा
माथि झाँग छ तल झाडी
त्यो हो के त प्यारा ?

( ३ )

सोह्र कौडा दुइ ठाउँ
खाल्डोभित्र हाँस
झ्याली बजे पानी पर्छ
आँखा साउन मास ।

( ४ )

पहाडमाथि झाँग लाग्यो
वनमा पस्यो बाघ
संचो मानी बस राजा
ठुँग मारिमाग ।

( ५ )

सानो बादल दलिनमा
सेतो सेतो लाग्दो
त्यसभित्र बस्ने को त ?
के के खान लाग्यो ।

( ६ )

सानो सानो नानी मेरो
फुर्के लायो धोती
ऐय्या पार्ला होश राखे
मुन्द्री लाउने लोती ।

( ७ )

खाल्डो यौटा नपुरिने
जति हाल्यो उत्ति
त्यसमा गुँड लाउने को त
विन्ति भन यत्ति ।

( ८ )

एक देशकी रानी आइन्
मीठो चाल मारी
ढकनीलाई ओढ्ालेर
कालो लाई सारी !

–o–

## पृथ्वी–भकुण्डो

( १ )

भकुण्डो पृथ्वीको लडिबुडि गराई फननन
दिंदो लात्तीपात्ती दिन दिन घुमाई छिनछिन ।
सधैं पूर्वै फेंक्दो दिन दगुरिने पश्चिम गरी
भकुण्डो खेल्ने को कुन दिन छ अड्ने कुन हरि ?

( २ )

छ ठूलोमा ठूलो चउर अति नीलो झिलिमिली
सधैं बत्ती बाली बहुत थरि हाँस्ने हिलिलिली
त्यसै एक्लै हान्दो लडिबडि हुने रातदिन नै
कतै फुट्बल् खेल्ने उसतरफ देख्यौ कि त कुनै ?

–o–

# जुनि

( १ )

चोर्ने र दिक्कत दिने जुनि हुन्छ भींगा
ज्यादै सिंगार्न मनको जुनि बाह्रसींगा ।
अल्छी सुतालु छ अजिंगर नाम चोला
राखेर होश हिंड जन्म खराब होला ॥

( २ )

ठूलो म बन्छु जुन भन्दछ बन्छ हात्ती
घोडा उ बन्छ जुन थिच्दछ दिन्छ लात्ती ।
खाने छ जो रगत बन्दछ त्यो हुँडार
यै होश राख पछिको जुनि लौ सपार ॥

( ३ )

गन्दा विचारहरूले बनिजान्छ गन्धे
जो दान दिन्न जगमा उ उन्यू छ भन्ने ।
'ढुंगो हुने निठुर को दिल बन्छ' भन्दे
'चोला सपार् मकन' कान दिएर सुन्दे ॥

–o–

# झ्याँगघर

( १ )

घर एक बनाउँ मिली सबले
जग होस् पृथिवी तर स्वर्ग फुले–
सरि होस् दिल-फूल खुशी रहने
लहराहरु तुल्य विचार हुने ॥

( २ )

लहराहरुको घर एक नयाँ
यसमा छ अहो अरु नै दुनियाँ ।
जिउको पिंजरा छ त्यहाँ मुनियाँ
कति बोल्छ मिठोसँग बात नयाँ ॥

( ३ )

कति झ्यालहरू यस झ्याँगभरी
झलमल्ल हवा सुखका लहरी ।
सबभित्र पसाउन हर्र गरी
सब शीतल झल्लर आँखिसरि ॥

–०–

Digitised By

अ

www.pustakalaya.org
www.olenepal.org

# महाकवि लक्ष्मीप्रसाद देवकोटाका केही कृतिहरू



**उपन्यास : चम्पा**

**कथा / कहानी**

- लक्ष्मी कथासङ्ग्रह

**कविता / खण्डकाव्य**

- कुञ्जिनी
- कृषिबाला
- गाइने गीत
- दुष्यन्त शकुन्तला भेट
- पुतली
- भिखारी
- महाकवि देवकोटाका कविता
- मुनामदन
- राजकुमार प्रभाकर
- रावण-जटायु युद्ध
- लक्ष्मी कवितासङ्ग्रह
- लक्ष्मी गीतिसङ्ग्रह
- लूनी
- सीताहरण
- म्हेन्दु

**महाकाव्य**

- पृथ्वीराज चौहान
- वनकुसुम
- शाकुन्तल
- सुलोचना

**नाटक / एकाङ्की : सावित्री सत्यवान**

**निबन्ध**

- दाडिमको रूखनेर
- प्रसिद्ध प्रबन्धसङ्ग्रह
- लक्ष्मी निबन्धसङ्ग्रह

9789993325710

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५-२१०२३